बैठक नं.१५

आज मिति २०८०/१२/२१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

युवराज राना, का.वा. वडाध्यक्ष वडा नं. ११

विष्णु बहादुर थापा का.वा. वडाध्यक्ष वडा नं. १२

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

का. वा. अध्यक्ष - शेर बहादुर थापा वडा नं. १३ -

**प्रस्ताव नं. १५.१**

मिति २०८०।१२।५ मा बसेको चौधौ बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. १५.१**

- बुटवल उपमहानगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- Signature Bridge बन्ने अवधिमा सवारी साधनको आवत जावतका लागि वैकल्पिक मार्ग खोजी गरी पेश हुन आएको प्रतिवेदन जानकारीमा लिइएको ।
- बुटवल-१० स्थित रामनगरमा आधुनिक पशुबधशाला निर्माणको क्रममा साविकमा लिजमा लिइएको जग्गामा १०.८६ रोपनी जग्गा थप हुन गएको हुँदा थप जग्गा सहित जम्मा ३८.८६ रोपनी जग्गाको शुल्क बुझाई सम्झौता गर्नका लागि कार्यालयलाई निर्देशन दिइएको ।
- वडा नं.१७ र १८ को नदीजन्य पदार्थको लागि तयार भएको IEE प्रतिवेदन स्वीकृत गरिएको ।
- फोहोरमैला व्यवस्थापनका सम्बन्धमा स्थानीय सरोकारवालाहरुसंग मिति २०८०।११।२९ मा भएको सम्झौता अनुमोदन गरिएको ।
- केही आयोजनाहरुको लागि शीर्षकान्तर एवं रकमान्तर गर्ने गरी निर्णय लिइएको ।
- वडा नं.४,११ र १२ का अव्यवस्थित बसोबासीहरुको लालपूर्जा प्राप्तीको प्रकिया अगाडि बढाउनका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गरी पठाइएको ।
- केही आयोजनाहरुका लागि बजेट थप, केही संघसंस्था र व्यक्तिहरुका लागि कार्यक्रम सहयोग एवं सहयोग उपलब्ध गंराउने गरी निर्णय लिइएको ।
- फोहोर व्यवस्थापन प्रशोधन केन्द्र निर्माण प्रयोजनका लागि नगर क्षेत्र भित्रका सम्भावित क्षेत्रहरुको पहिचान गरी २ महिना भित्रमा सुझाव सहितको प्रतिवेदन दिनका लागि कार्यदल गठन गरिएको ।
- अव्यवस्थित बस्तीहरुलाई पनि के कसरी कस्तो करको दायरामा ल्याउन सकिन्छ सो को स्थलगत अध्ययन गरी २ महिना भित्रमा सुझाव सहितको प्रतिवेदन दिनका लागि कार्यदल गठन गरिएको ।
- मिति २०८०।१२।०९ गते बिहान ७ बजे देखि २०८० चैत महिना भरी छाडाचौपाया व्यवस्थापनका लागि अभियान संचालन गर्ने गरी निर्णय लिइएको र २ चरणमा ठूलो संख्यामा गौशालामा छाडाचौपाया लगि व्यवस्थापन भईरहेको ।
- लुम्बिनी प्रदेश सरकारले स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा वेवसाइट मार्फत सार्वजनिक गरी सुझाव माग गरेको हुँदा निर्णय सहितको लिखित सुझाव पठाइएको ।
- केही निर्णयको संशोधन र शीर्षक मिलान गरिएको ।

**प्रस्ताव नं.१५.२**

नदीजन्य पदार्थको बिक्री वितरणका लागि आय ठेक्का सम्बन्धी टेण्डर आब्हान गर्ने सम्बन्धमा ।

**निर्णय नं.१५.२**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र वुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १८ वमोजिम बुटवल उपमहानगरपालिकाको वडा नं. १२, १३, १४ र १५ भएर वग्ने दानव खोलामा रहेको नदीजन्य पदार्थको उत्खनन् गरी विक्रीवितरण गर्ने प्रयोजनका लागि मिति २०८०।०३।०९ गतेको नगरकार्यपालिकाको वैठकवाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वमोजिम नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा पारित ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी (दोश्रो संशोधन) मापदण्ड,२०७९ बमोजिम दानवखोलाको देहाय बमोजिमको घाट क्षेत्रवाट तपसिलको परिमाणमा नदीजन्य पदार्थको उत्खनन् तथा विक्री वितरणका लागि कार्ययोजना स्वीकृत गरी आयठेक्का वन्दोवस्तीका लागि आवश्यक प्रकिया अगाडि बढाउनें निर्णय गरियो ।

तपसिल:

| सि.न. | संकलन/उत्खनन् गरिने घाटहरुको नाम | परिमाण घन फुटमा | न्यूनतम ठेक्का रकम (भ्याट वाहेक) | |
|---|---|---|---|---|
| १ | दानव खोला (क्षेत्र नं.४) वडा नं. १३ र १४ | ८१६२४.८० | १४,६९,२४६.४० | |
| २. | दानव खोला (क्षेत्र नं.५) वडा नं. १४ र १५ | ३३१३७९.९० | ५९,६४,८३८.२० | |
| ३ | दानव खोला (क्षेत्र नं.६) वडा नं. १२ र १५ | १५५८६८.१० | २८०५६२५.८० | |
| ४ | दानव खोला (क्षेत्र नं.६) वडा नं. १२ र १५ | ३६४६०२.७० | ६५,६२,८४८.६० | |
| | जम्मा | ९३३४७५.५० | १,६८,०२,५५९.०० | |

**प्रस्ताव नं. १५.३**

आधुनिक पशुबधशाला स्थललाई चारकिल्ला निर्धारण गरी बधस्थल तोक्नका लागि प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं.१५.३**

बुटवल उपमहानगरपालिका वडा नं.१०, रामनगर स्थित बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको स्वामित्वमा रहेको ३८.८६ (अडतिस दशमलव छयासी मात्र) रोपनी क्षेत्रफलमा तोकिएको देहाय बमोजिमको चारकिल्ला भित्रको जग्गामा मात्र खसी बोकाको मासु उपभोग्य प्रयोजनका लागि पशु वध गर्ने गरी व्यवस्था मिलाउन आवश्यक भएको हुँदा संघीय संरकारद्धारा पशुवधशाला र मासु जाँच ऐन,२०५५ (सशोधन२०७५)को दफा २ र ४ तथा बुटवल उपमहानगरपालिकाको "पशुबधशाला संचालन र व्यवस्थापन ऐन, २०७९" को दफा ३ र १२ बमोजिम संघीय राजपत्रमा सूचना प्रकाशित गरी संचालन तथा व्यवस्थापन गर्ने कार्य कार्यान्वयनमा ल्याउनका लागि आवश्यक सहयोग एवं सहजिकरण हुन नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार काठमाडौ मार्फत नेपाल सरकारमा सिफारिस साथ अनुरोध गरी पठाउने निर्णय गरियो ।

चारकिल्लाको विवरण:
पूर्व - सुखौरा खोला,
पश्चिम - बुटवल धागो कारखाना,
उत्तर - पूर्व पश्चिम राजमार्ग,
दक्षिण - जंगल क्षेत्र ।

**प्रस्ताव नं.१५.४**
नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. १५.४**
नेपाल सरकार अर्न्तगत सङ्घीय तथा प्रदेश कार्यालयका सरकारी निकायहरुवाट ठूला,रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको पूर्वाधार निमार्ण कार्यका लागि नदीजन्य पदार्थको अभाव हुन नदिई आयोजनाहरु समयमै सम्पन्न गर्न नदीजन्य पदार्थको माग भई आएको सम्वन्धमा स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६२क र नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा पारित ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी (दोश्रो संशोधन)मापदण्ड,२०७९को बुँदा नं. १२ बमोजिम ठूला, रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि नदीजन्य पदार्थको उत्खनन् गरी प्रकिया पुर्याई उपलब्ध गराउन सकिने विशेष व्यवस्था भएको । बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १८ वमोजिम प्रति घन फुट भ्याट वाहेक रु.१८।- (अक्षरुपी अठार मात्र) का दरले मिति २०८०।०३।०९ र २०८०।१२।०५ गतेको नगरकार्यपालिकाको वैठकवाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन IEE वमोजिम बुटवल उपमहानगरपालिकाको वडा नं.११, १७ र १८ तिनाउ खोलाका उल्लेखित घाटहरुवाट आवश्यकता र औचित्यताका आधारमा आवश्यक कागजात संलग्न राखी प्रकिया पुरा गर्न लगाई राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त देहायका आयोजनाहरुका लागि नियमानुसार नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो ।

माग भई आएका आयोजनाहरु:
१.भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,बुटवल नारायणगढ सडक स्तरोन्नती कार्य ।
२.लुम्विनी प्रदेश पूर्वाधार विकास प्राधिकरण लुम्विनी प्रादेशिक अस्पताल पूर्वाधार निर्माण ।
३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तिनाउ दानव कोरिडोर निर्माण ।
४.सडक पूर्वाधार विकास कार्यालय वेलवास वेथरी सडक स्तरोन्नती कार्य ।
५.लुम्विनी विकास कोष सडक निर्माण कार्य ।
६. गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल सुदृढिकरण आयोजना अन्तर्गत पूर्वाधार निर्माण ।

**प्रस्ताव नं. १५.५**
खरिद सम्झौताको भेरिएसन आदेश अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १५.५**

यस बुटवल उपमहानगरपालिकाको आ.व २०८०।०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यकम अर्न्तगत **नगरका विभिन्न चोकहरुमा हाईमाष्ट लाईट आपूर्ति र जडान कार्य**का लागि ठेक्का नं.

०९/०८०/०८१/BSMC/Works/NCB अर्न्तगत बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र श्री नेपाल पावर सोलुसन प्रा. लि., हेटौंडा ०२ मकवानपुर बीच मिति २०८०।१०।१२ मा उक्त कार्य मिति २०८१।०२।३१ गते भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको । सम्बन्धित विषय सम्बन्धी प्राविधिकबाट सो योजनाको निर्माण कार्य गर्ने शिलशिलामा हाइवे क्षेत्रमा सम्झौता अनुसारको २०० वाट लाईटबाट पर्याप्त उज्यालो नहुने हुँदा ४०० वाटको लाइट जडान गर्न आवश्यक भएको भनी प्राविधिक प्रतिवेदन पेश भएको हुँदा सो निर्माण कार्यको २०० वाटको सट्टा ४०० वाटको लाइट थप गर्दा ड्रइङ्ग,डिजाइनमा आधारभुत प्रकृति परिवर्तन नहुने भएको हुनाले थप काम गराउदा Variation Report बमोजिम संझौता अंकको १४.४३% प्रतिशत हुने रकम रु.२६,२१,६००।०० (अक्षरुपी छब्बिस लाख एक्काइस हजार छ सय मात्र) Variation Orderस्वीकृतिको लागि प्राविधिकबाट सिफारिस भई आएको । उक्त निर्माण कार्य गर्ने शिलशिलामा निर्माण कार्यमा Variation भई थप कार्य गर्नुपर्ने भएको हुँदा नयां ठेक्का बन्दोवस्त गर्न भन्दा साविककै २१.४६प्रतिशत घटी ठेक्का सकार भएको व्यवसायीबाटै कार्य गराउन मनासिव हुने देखिएकोले Variation Report बमोजिम सम्झौता अंकको १४.४३% प्रतिशतले हुने रकम रु.२६,२१,६००।०० (अक्षरुपी छब्बिस लाख एक्काइस हजार छ सय मात्र) **सोही आयोजना निर्माणको लागि चालु आ.व. मा ठेक्का बन्दोवस्त भई बचत हुन गएको रकम मध्येबाट बजेट** व्यवस्था गरी उक्त निर्माण कार्य सम्पन्न गर्नका लागि Variation Order स्वीकृत गर्नु पर्ने देखिएकोले सार्वजनिक खरिद (संशोधन सहित) ऐन, २०६३ को दफा ५४ तथा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२७ को उपनियम १ को खण्ड ख बमोजिम पन्ध्र प्रतिशत सम्मको भेरिएसन आदेश प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था बमोजिम पेश भएको प्रमुखबाट स्वीकृत देहाय बमोजिमको विवरण सहितको Variation Order अनुमोदन गरियो ।

| सि.नं | विवरण | स्वीकृत बजेट रु. | ठेक्का सम्झौता रकम | भेरिएशन सहितको रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नगरका विभिन्न चोकहरुमा हाईमाष्ट लाईट आपूर्ति र जडान कार्य । | २,३७,१४,६४०।१८ | १,८१,७२,१३५।६३ | २,०७,९३,७३५।६३ | |
| | स्वीकृत ठेक्काअंकभन्दा बढी रु. | | | २६,२१,६००।०० | १४.४३% |

**प्रस्ताव नं.१५.६**
शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
**निर्णय नं.१५.६**
मिति २०८०।१२।६ मा बसेको नगर शिक्षा समितिको बैठकको सिफारिस बमोजिम तपसिल बमोजिम विद्यालय खोल्न, कक्षा थप गर्न र पुस्तकालय स्थापना गर्न अनुमति दिने गरी मिति २०८०।१२।०८ मा

कार्यान्वयनमा जाने गरी भएको बुटवल उपमहानगरपालिकाको प्रमुखस्तरीय निर्णय एवं अन्य निर्णयहरु अनुमोदन गरियो ।

(क) शैक्षिक सत्र २०८१ देखि सञ्चालन गर्ने गरी विद्यालय खोल्न अनुमति माग गरेका तपसिलका विद्यालयहरुलाई देहाय अनुसार अनुमति प्रदान गर्ने ।

| क.सं. | विद्यालयको नाम र ठेगाना | अनुमति माग गरेको तह र कक्षा | विद्यालयको प्रकार |
|---|---|---|---|
| १ | सैनिक आवासीय महाविद्यालय बुटवल -३ | आधारभूत तह कक्षा (६-८) | निजी शैक्षिक गुठी |
| २ | वन प्याप्सन विद्यालय बुटवल - १२ दुर्गाटोल | पूर्व प्राथमिक तह | निजी शैक्षिक गुठी |
| ३ | न्यू मारिया किन्डरवल्ड बुटवल - १३ | पूर्व प्राथमिक तह | निजी शैक्षिक गुठी |
| ४ | मितेरी इन्टरनेशनल सिमली मन्टेश्वरी स्कूल बुटवल-११ मजुवा | पूर्व प्राथमिक तह | संस्थागत (गैरनाफामुखी) |

(ख) शैक्षिक सत्र २०८१ देखि कक्षा थप गर्न अनुमति माग गरेका तपसिलका विद्यालयहरुलाई देहाय अनुसार अनुमति प्रदान गर्ने ।

| क.सं. | विद्यालयको नाम र ठेगाना | अनुमति माग गरेको तह र कक्षा | विद्यालयको प्रकार |
|---|---|---|---|
| १ | शहिदस्मृति आधारभूत विद्यालय बुटवल -११ | आधारभूत तह कक्षा ८ | सामुदायिक |
| २ | जनशक्ति नमूना भिमप्रसाद गोमता आधारभूत विद्यालय बुटवल - १७ | आधारभूत तह कक्षा ६ | सामुदायिक |
| ३ | मैनावगर आधारभूत विद्यालय बुटवल - ११ | आधारभूत तह कक्षा ५ | सामुदायिक |
| ४ | मायादेवी जनजागृती आधारभूत विद्यालय बुटवल - ११, न्यूदुर्गा नगर | आधारभूत तह कक्षा ३ | सामुदायिक |
| ५ | बेबी स्टार मन्टेश्वरी स्कूल बुटवल- ११ | आधारभूत तह कक्षा ३ | संस्थागत |
| ६ | गौरव विगिनर्स वर्ल्ड बुटवल - १२ | आधारभूत तह कक्षा १ | संस्थागत |

(ग) शैक्षिक सत्र २०८१ देखि कक्षा ११/१२ मा विषय थप गर्न अनुमति माग गरेका तपसिलका विद्यालयहरुलाई देहाय अनुसार अनुमति प्रदान गर्ने ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | थप गर्ने विषय र कक्षा | विद्यालयको प्रकार | निर्णय |
|---|---|---|---|---|
| १ | न्यू होराइजन माध्यमिक विद्यालय बुटवल - ११ | माध्यमिक तहको कक्षा १२ मा स्पोर्टस साइन्स विषय थप गर्ने | संस्थागत | सिफारिस गर्ने |
| २ | कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल - १० | माध्यमिक तहको कक्षा ११/१२ मा होटल व्यवस्थापन विषय थप गर्ने | सामुदायिक | सिफारिस गर्ने |
| ३ | कान्ती माध्यमिक विद्यालय बुटवल -४ | माध्यमिक तहको कक्षा ११/१२ मा होटल व्यवस्थापन विषय थप गर्ने | सामुदायिक | सिफारिस गर्ने |
| ४ | कान्ती माध्यमिक विद्यालय बुटवल -४ | आधारभूत तहको कक्षा (६-८) मा संस्कृत धार सञ्चालन गर्ने | सामदायिक | सिफारिस गर्ने |

(घ) बुटवल-१६ सेमलारमा "आदर्श पुस्तकालय" स्थापनाका लागि त्यहाँको समुदायबाट आवश्यक पूर्वाधार तयार गरी विधान सहित निवेदन पेश हुन आएकोले माग बमोजिम पुस्तकालय खोल्न अनुमति दिने ।

(ङ) मेरीगोल्ड इङ्गलिस बोर्डिङ स्कूल बुटवल - १२ को नाम परिवर्तन गरी रम्भादेवी सेकेण्डरी स्कूल रुपन्देही प्रा.लि. बुटवल - १२ कायम गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति सहित पेश हुन आएकोले पेश भए बमोजिम मेरीगोल्ड इङ्गलिस स्कूल रुपन्देही प्रा.लि.को नाम परिवर्तन गरी रम्भादेवी सेकेण्डरी स्कूल रुपन्देही प्रा.लि बुटवल -१२ कायम गर्ने ।

**प्रस्ताव नं. १५.७ विविध ।**

**प्रस्ताव नं. १५.७.१**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं. १५.७.१**

बुटवल उपमहानगरपालिकाको बिगत आ.व.२०७५/०७६ मा स्वीकृत 'वार्षिक बजेट तथा कार्यक्रम अर्न्तगत वडा नं.१ मा कबर्ड हल निर्माण योजना कार्यान्वयन गर्ने सिलसिलामा जग्गाको विवाद भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलमा उजुरी परी तहकिकात भईराखेको अवस्थामा योजनाको कार्य नियमित हुन नसकि तोकिएको समयमा कार्यसम्पन्न नभएको । हाल उपभोक्ता समितिबाट उक्त योजनाको कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग अनुरोध भई आए

तापनि जाँचपास तथा फरफारक भई नसकेकों, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको च.नं. ९७६ मिति २०७९।०४।०५ गतेको पत्र मार्फत उक्त योजनाको उजुरी तामेलीमा राखिएको भनी लेखी आएको । साथै सर्वोच्च अदालतमा जग्गा विवादको मुद्दा परि अन्तिममा उक्त आयोजनाको कार्य यथास्थितिमा राख्नु भनी आदेश भएको र हालसम्म मुद्दाको अन्तिम फैसला नभएको, उपभोक्ता समितिबाट कार्य सम्पन्न भई प्राविधिक मूल्यांकन समेत पेश भएको, सम्बन्धित वडा समितिको निर्णय सहित भुक्तानीको लागि सिफारिस समेत भई आएकाले उक्त योजनाको फरफारक गरी भुक्तानी हुन मनासिव देखिएकोले सो सम्बन्धमा प्राविधिक सहितको कार्यदल गठन गरी सोही कार्यदलबाट प्राप्त हुने प्रतिवेदन समेतका आधारमा मात्र चालु आ.व.२०८०/०८१ का लागि स्वीकृत बजेट तथा कार्यकम अर्न्तगत सि.नं. ६०० खर्च शीर्षक ३११५९ पूजिगत भैपरी शीर्षकमा विनियोजित बजेट रकम रु.१ करोड मध्येबाट व्ययभार हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउन भनी मिति २०८०/९/१३ मा बसेको नगरसभाको चौधौ अधिवेशनको दोस्रो बैठकबाट यस कार्यपालिकालाई अधिकार प्रत्यायोजन भई आएको हुँदा सो विषयमा स्थलगत अध्ययन गरी जे जो बुझ्नुपर्दछ बुझी राय सहितको प्रतिवेदन ७ सात दिन भित्र पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. श्री नरेन्द्र बस्नेत, वडाध्यक्ष, वडा नं. १ - संयोजक

२. ई. श्री गौतम रौनियार, निर्देशक - सदस्य

३. श्री केशव ज्ञवाली, शाखा अधिकृत -सचिव

**प्रस्ताव नं.१५.७.२**

गौशालामा अस्थायी संरचना ट्रष्ट गोठ र प्रतिक्षालय निर्माण गर्ने सम्बन्धमा ।

**निर्णय नं.१५.७.२**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य सडक र भित्री सडकहरुमा यत्रतत्र छाडाचौपायाहरु हिडडुल गरेका कारण सवारी दुर्घटना बढेको हुँदा नगरकार्यपालिकाको निर्णय बमोजिम मिति २०८०।१२।९ गते देखि अभियानको रुपमा छाडाचौपायाहरुलाई वडा नं.७ स्थित शिवनगरमा रहेको गौशालामा व्यवस्थापन गरिदै आएको हुँदा उक्त स्थानमा २ वटा गोठ एवं १ प्रतिक्षालय निर्माण गरी छाडाचौपाया व्यवस्थापन गर्न आवश्यक भएको छ । चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रमको सि.नं.१७८ खर्च शीर्षक २२५२९ मा गाई राष्ट्रिय निकुन्ज प्रदेश तथा स्थानीय तहहरुसंग सहकार्य अर्न्तगत पशुपंक्षी विकास उपशीर्षकमा रु. २० लाख र सि.नं. १४५७ गौशाला निर्माण सुधार खर्च शीर्षक ३११५९ लुम्बिनी प्रदेश नगद अनुदान भनी रु. १५ लाख विनियोजन भएको हुँदा उल्लेखित कार्यक्रमका आयोजनाहरुमा स्वीकृत बजेट र अपुग बजेट रु. ४० लाख पुजिगत भैपरि शीर्षकबाट व्यवस्था गर्ने गरी हाल तत्कालका लागि उक्त गौशालामा अस्थायी संरचना ट्रष्टका २

वटा गोठहरु निर्माणका लागि रु. ५० लाख, प्रतिक्षालय निर्माण रु. १० लाख, तारवारका लागि रु. ५ लाख र भैपरी मरमत खर्चका लागि रु. १० लाख गरी जम्मा रु. ७५ लाख बजेट उल्लेखित शीर्षकहरुमा शीर्षकान्तर एवं रकमान्तर गर्ने र थप बजेट समेतको सुनिश्चिता हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्न निर्णय गरियो ।

**प्रस्ताव नं.१५.७.३**

ग्याविन जाली खरिद सम्बन्धमा ।

**निर्णय नं. १५.७.३**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र वर्षायाममा हुने बाढी र पहिरोजन्य विपद्बाट बस्ती क्षेत्रलाई सुरक्षित गरी विपद् न्यूनीकरणका लागि आवश्यक स्थानमा तटबन्ध गर्ने कार्यका लागि उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा हाल ग्याविन जाली मौज्दात नभएकोले विपद् व्यवस्थापन कोषबाट आवश्यक बजेटको व्यवस्था गर्ने र भुक्तानी गर्ने गरी विभिन्न साइजका ५०० थान ग्याविन जाली खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.७.४**

Bid Document संशोधन सम्बन्धमा ।

**निर्णय नं.१५.७.४**

बुटवल उपमहानगरपालिका वडा नं ९ स्थित लुम्बिनी बस टर्मिनलमा निर्माण हुने बहुतल्ले पार्किङ्ग भवन निर्माणका लागि ठेक्का नं. BSMC/DB/NCB/BMMPB/080/81-01को दोस्रो पटक मिति २०८०।१२।०८ मा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोमा Bid Document को Evaluation and Qualification criteria को clause 2.3.2 मा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bid Document बमोजिम Minimum average annual construction turnover of NRs 247.2 million हुनुपर्नेमा NRs 404 million हुन गएको, सोही criteria को clause 2.3.4 मा Required Bid Capacity NRs 197.8 million हुनुपर्नेमा NRs260 million र clause 2.4.2a) मा Contracts of similar size and nature with value of NRs148.4 million हुनुपर्नेमा NRs 122 million भई सो संशोधन गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौं संशोधन समेत) बमोजिम कार्यालयबाट मिति २०८०।१२।१६ मा भएको संशोधन सम्बन्धी निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं.१५.७.५**

संशोधन सम्बन्धमा ।

**निर्णय नं.१५.७.५**

मिति २०८०।९।१३ मा बसेको बुटवल उपमहानगरपालिकाको नगरसभाको चौधौ अधिवेशनको दोस्रो बैठकको निर्णय नं. १४.२.६ सि.नं. ४ मा रजाए मुस्तफा शौचालय मरमत वडा नं. १ हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गर्ने र उल्लेखित शीर्षक र रकमलाई रकमान्तर गरी २०८० चैत्र मसान्त भित्रमा सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.७.६**

सम्झौता अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.१५.७.६**

बुटवल उपमहानगरपालिकाबाट चालु आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक नीति तथा कार्यक्रम बजेट अर्न्तगत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने अवधि मिति २०८०।१०।२८ गतेको निर्णयानुसार २०८० फागुन १५ गते सम्म थप गर्ने निर्णय भएकोमा देहायका योजनाहरुको उपभोक्ताहरुबाट समयमा नै लागत सहभागिता जुटाउन नसकेको तथा योजना तथा कार्यक्रम स्वीकृत पछि हुन गएको अवस्था आएको जस्ता विविध कारणहरुले गर्दा नगरकार्यपालिका बैठकमा अनुमोदनका लागि पेश गर्ने गरी मिति २०८०।१२।०९ मा भएको योजना सम्झौता सम्बन्धी निर्णय अनुमोदन गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | स्वीकृत बजेट रु. |
|---|---|---|---|
| १ | धौलागिरी पथ सडक पिच निर्माण (उपभोक्ता समितिबाट ७० प्रतिशत र न.पा. बाट ३० प्रतिशत लागत व्यहोर्ने गरी) | वडा नं. ११ | ४११,६५१।८१ |
| २ | तिनाउ नदी तटबन्ध (अस्थायी फोहोर व्यवस्थापन स्थल) | वडा नं. ११ | २५,००,०००।- |
| ३ | ज्योतिनगर मिलनपथमा पहिरो नियन्त्रण | वडा नं. ३ | ३५,००,०००।- |

प्रस्ताव नं.१५.७.७

प्रतिवेदन पेश भई जानकारी भएको सम्बन्धमा ।

निर्णय नं.१५.७.७

बुटवल उपमहानगरपालिका वडा नं.१७ स्थित रानीगंजमा वानिया कन्ट्रक्सनद्वारा स्थापित क्रसर उद्योगका बारेमा स्थलगत अध्ययन गरी प्रतिवेदन दिनका लागि नगरकार्यपालिकाको १३ औं बैठकको निर्णय नं.१३.९ (ग) बमोजिम वडा नं.९ का वडाध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठको अध्यक्षतामा गठित कार्यदलबाट प्राप्त हुन आएको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । उक्त प्रतिवेदनले औल्याए बमोजिमका विषयहरु कार्यान्वयन गर्नका लागि एक जना प्राविधिक कर्मचारीलाई थप जिम्मेवारी तोकी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. १५.७.८

नगर मेलमिलाप केन्द्रका लागि संयोजक र सहसंयोजक छनौट सम्बन्धमा ।

निर्णय नं. १५.७.८

यस बुटवल उपमहानगरपालिकाको न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवाद मेलमिलाप प्रकियाद्वारा समाधान गरी सहयोग पुऱ्याउनका लागि बुटवल उपमहानगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ३ को उपदफा (४) बमोजिम बुटवल उपमहानगरपालिकास्तरीय नगर मेलमिलाप केन्द्रको संयोजक र सहसंयोजकमा देहायका व्यक्तित्वहरुलाई छनौट गर्ने निर्णय गरियो ।

- श्री केशव पन्थी, बुटवल -३ - संयोजक
- श्री ज्ञानु लिगल, बुटवल - १ - सहसंयोजक

प्रस्ताव नं. १५.७.९

सहयोग सम्बन्धमा ।

निर्णय नं.१५.७.९

देहायका व्यक्ति एवं संघसंस्थाहरुलाई देहायको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्ति /संस्था | प्रयोजन | रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | मालपोत कार्यालय बुटवल | बुटवल-८ देखि बुटवल-१३ मा कार्यालय स्थानान्तरण का लागि अनुदान | रु.१ [illegible] लाख | चालु भैपरि |
| २ | मुक्तिनाथ धाम बुटवल-१२ | धार्मिक पर्यटकीय यात्रा बुटवल देखि मुक्तिनाथसम्म अनुदान | रु. २५००००।- | चालु भैपरि |
| ३ | सुजन कुमार श्रेष्ठ, बुटवल-४ | उपचार सहयोग | रु.१०,०००।- | चालु भैपरि |

**प्रस्ताव नं. १५.७.१०**

संशोधन सम्बन्धमा ।

**निर्णय नं. १५.७.१०**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८०।१२।५ मा बसेको चौधौ बैठकको सहयोग सम्बन्धी निर्णयको निर्णय नं.१४.७.४ को बुदा नं. ११ मा खुम कुमारी अम्लेखी हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।